# भूमे गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ८** **संख्याः४** **मितिः२०८०/११/९**

**भागः२**


## “भूमे गाउँपालिका कृषक सञ्जाल (संचालन तथा व्यवस्थापन कार्यविधि) २०८०”

**कार्यपालिका प्रस्तुत मितिः २०८०।०५।०६**
**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०५।०६**

**पृष्ठभूमी :**

भूमे गाउँपालिका भित्र रहेका कृषि विकासमा संलग्न सरोकारवाला निकायहरुले संयोजन मार्फत यस गाऊँको वास्तविक कृषिका सम्भावना तथा चुनौतीहरु विष्लेशण गर्न सहज हुन्छ। गाउँपालिका भित्र सीमित साधन स्रोत, सूचना, प्राविधिक जनशक्ति आदिबाट कृषि विकासमा प्रर्याप्त टेवा पुग्ने सम्भावना न्यून रहेको छ। यस अवस्थामा हामीले कृषि क्षेत्रसंग आबद्ध निकायहरुको संलग्नता र सहभागीतामा सूचना प्रवाह,जनचेतना, तथ्याङ्क संकलन, कार्यक्रम माग, योजना छनौट कार्यक्रम सञ्चालन, बजारीकरण तथा अनुगमनमा सहजिकरण गर्नुका साथै सिमित कृषि प्राविधिकको कार्यक्षमता बृद्धि गरी बढि भन्दा बढि सेवा प्रवाह तथा कृषकको माग सहि तरिकाले सम्बोधन गरेको हुनुपर्दछ। कृषिको वृहत तथा समावेशी विकासका लागि र यस गाउँपालिकाको बार्षिक कृषि नीतिमा उल्लेख भएअनुरुप कृषि उद्यमी, कृषक समूह, कृषक सहकारी तथा अन्य सरोकारवाला संलग्न कृषि सञ्जाल मार्फत कृषि सूचना प्रवाह तथा प्रविधि प्रचार प्रसार गरी कार्यक्रम प्रभावकारी रुपले संचालन गर्न वान्छनीय भएकाले “कृषक सञ्जाल (संचालन तथा व्यवस्थापन कार्यविधि) २०८०” स्वीकृत गरि लागु गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भिक :

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम “कृषक सञ्जाल (संचालन तथा व्यवस्थापन कार्यविधि) २०८० ” रहेको छ।

ख) यो कार्यविधि भूमे गाउँकार्यपालिकाको बैठकबाट निर्णय भए पश्चात भूमे गाउँपालिका क्षेत्र भर लागु हुनेछ।

**२. परिभाष : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) “गाउँपालिका” भन्नाले भूमे गाउँपालिका बुझ्नुपर्दछ।

ख) “वडा सञ्जाल” भन्नाले वडा स्तरमा गठन भएको कृषि सञ्जाल बुझ्नुपर्दछ ।
ग) “गाउँसञ्जाल” भन्नाले गाउँपालिका स्तरमा गठन भएको कृषि सञ्जाल बुझ्नुपर्दछ ।
घ) “सञ्जाल” भन्नाले कृषिमा आवद्ध सरोकारवाला संलग्न संस्था बुझ्नुपर्दछ ।
ङ) “विषयगत कृषक सञ्जाल” भन्नाले विशेष कृषि वाली बस्तुमा संलग्न रहेका कृषकहरुको सञ्जाल बुझ्नुपर्दछ ।
च) “सदस्य” भन्नाले कृषक सञ्जालका सदस्यलाई जनाउँदछ ।
छ) “कृषि शाखा” भन्नाले गाउँपालिकाको कृषि सेवा केन्द्र लाई जनाउदछ ।
छ) “सरोकारवाला” भन्नाले कृषि उपज उत्पादक, कृषि समूह, कृषि सहकारी, कृषि सामाग्री वितरक, कृषि उपज विक्रेता, कृषिमा आबद्ध संघ संस्था आदि संलग्न टोली बुझ्नुपर्दछ ।
ज) “सेवा केन्द्र” भन्नाले गाउँपालिकाको कृषि/पशु शेवा केन्द्र बुझ्नुपर्दछ ।

**३. उद्देश्य :**
यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।
१. गाउँपालिका भित्र कृषि/पशु विकासमा आवश्यक पर्ने कृषि/पशु कार्यक्रम माग संकलन गर्ने गाउँ क्षेत्र भित्र हुन सक्ने सम्भावित व्यवसायिक कृषि उत्पादन तथा आवश्यक कार्यक्रमको पहिचालन गर्ने ।
२.गाउँपालिकाबाट संचालित कृषि कार्यक्रम कार्यान्वयन गर्ने संचालित कार्यक्रमको अनुगमन गर्ने तथा पृष्ठपोषण दिने ।
३. गाउँपालिकालाई कृषि/पशु शेवाकेन्द्र संग सम्बन्धित नीति निर्माणमा सहयोग गर्ने ।

## परिच्छेद-२
## सञ्जाल साधारण सदस्यता तथा कार्य सञ्जाल गठन

**४. सञ्जालको सदस्य :**
सञ्जालमा आबद्ध हुनको लागि कृषि सञ्जालको सदस्यता लिनुपर्नेछ ।
सञ्जालको सदस्यता दुई प्रकारको हुनेछ ।
क) व्यक्ति सदस्य ख) संस्था सदस्य
क) व्यक्ति सदस्यः वडा भित्र कृषि/पशु व्यवसाय गर्दै आएका कृषक, कृषि सामाग्री वितरक, बजारीकरणमा संलग्न व्यक्ति हुनुपर्दछ ।
ख) संस्था सदस्यः विधिवत संस्था दर्ता गरी संस्थागत रुपमा कृषि समूह/कृषि सहकारी/फर्म/कम्पनी मार्फत वडा भित्र कृषि व्यवसाय गर्दै आएको संस्था हुनुपर्दछ ।

**५. सञ्जालको साधारण सदस्यको लागि निवेदन :**
सञ्जालमा आबद्ध रहन चाहानेले अनुसूची (१) को ढाँचामा वडा स्तरीय कृषि सञ्जाल समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

**६.वडा स्तरीय कृषक सञ्जाल सिफारीस :**
१. वडा स्तरीय कृषक सञ्जालले निवेदक कृषकलाई सञ्जालको साधारण सदस्यको लागि वडा स्तरीय कृषक सञ्जालले निर्णय सहित सिफारीस गर्नेछ र कृषि/पशु सेवा केन्द्रले सिफारीसको आधारमा अनुसूची (२) को ढाँचा अनुसार प्रमाण-पत्र उपलब्ध गराउने छ ।
२. दफा ४,५,७ मा जेसुकै लेखिएको भएतापनि नयाँ सञ्जाल गठन गर्दा बहुमतका आधारमा सदस्य चयन गरिनेछ ।

**७) प्रमाण-पत्र नविकरण र साधारण सदस्यता शुल्क :**

प्रत्येक साधारण सदस्यले वडा स्तरीय कृषि सञ्जालको सदस्यता लिनुपर्नेछ र प्रत्येक दुई वर्षको शुरुमा साधारण सदस्यताको प्रमाण-पत्र नविकरण गराउनुका साथै सदस्यता शुल्क बुझाउनु पर्ने छ ।

क. व्यक्ति सदस्य रु. ५०। प्रति वर्ष

ख.संस्था सदस्य शुल्क वापत रु. १००। प्रति वर्ष

ग.नविकरण सदस्य शुल्क वापत रु.५०। प्रति वर्ष

घ.संस्था सदस्य शुल्क वापत रु. १००। प्रति वर्ष

**८) वडा स्तरीय कृषक सञ्जाल कार्यसमिति गठन :**

गाउँपालिकाको प्रत्येक वडामा भेग, वाली, कृषिका विभिन्न क्षेत्र समेटिने गरि वडा कार्यालयको सहयोगमा कृषि उपज उत्पादक, कृषक समूह, कृषि सहकारी, कृषि सामाग्री वितरक, कृषि उपज विक्रेता, कृषिमा आबद्ध संघ संस्था आदि लाई पत्रचार गरि भेला गराई आवश्यकता अनुसार ३३ प्रतिशत महिला सहभागीता अनिवार्य रहनेगरि ७ देखि ९ सदस्य सम्मको निम्नानुसारको वडा स्तरीय कृषक सञ्जाल कार्य समिति गठन गरिनेछ । । मुख्य तीन पदहरुमा कम्तिमा १ जना महिला हुनुपर्नेछ ।

| | |
|---|---|
| संयोजक – | १ जना |
| सह संयोजक – | १ जना |
| सचिव – | १ जना |
| सह सचिव – | १ जना |
| कोषध्यक्ष – | १ जना |
| सदस्य – | २ देखि ४ जना |

संरक्षक वा सल्लाहकार समितिमा वडा अध्यक्ष वा निजले सिफारीस गरेको वडा सदस्य र वडा क्षेत्र हेर्ने कृषि प्राविधिक हुनेछन् ।

**९) वडा स्तरीय कृषक सञ्जाल कार्य समिति छनौट प्रकृया :**

**क.** छनौट समितिः वडा कृषक सञ्जाल निम्नानुसारको तीन सदस्यले सहजीकरण गर्नेछ :

१. वडा अध्यक्ष

२. कृषि प्रविधिक तथा पशु सेवा प्राविधिक/कृषि अधिकृत

३. वडा सचिव

**ख.** वडा कृषि भेलाको सूचना छनौट सञ्जालले न्यूनतम १५ दिन अगाडी वडा कृषि भेलाको सूचना गर्नेछ र भेलामा उपस्थित भएको साधारण सदस्यहरुबाट कृषि सञ्जाल कार्यसमिति चयन हुनेछ ।

**१०) सञ्जालमा रहेर कार्य गर्न आवश्यक न्यूनतम योग्यता :**

- कृषक सञ्जाल व्यक्तिगत सदस्यको लागि व्याक्तिगत निवेदन तथा संस्थागत सदस्यको लागी संस्थाका सदस्यको मंजुरीनामा मात्र ।
- स्वंमसेवाको भावना भई निश्वार्थ सेवा गर्न मन भएको ।
- १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक ।

- सम्बन्धित क्षेत्रभित्र कम्तिमा २४ आना क्षेत्रमा कृषि उत्पादन गर्दै आएको वा कृषि सामाग्री विक्री वितरण भएको वा बजारीकरण गरेको वा कृषि तालिम प्राप्त व्यक्ति ।
- कुनै पनि सरकारी निकायमा कार्यरत नभएको ।
- गाउँपालिका भित्र रहेका सार्वजानिक निकायलाई तिर्नुपर्ने कर वा महसुल बाँकी नरहेको ।
- वडा समितिले आवश्यक देखेमा निर्वाचित गाउँ सदस्य समिति कृषक भएको भए सञ्जालको संयोजक बन्न बाधा पर्नेछैन ।
- कार्य सञ्चालनमा रही सहयोग सुच्यउन चाहेमा सञ्जालका सदस्यले अनुसूची-३ अनुसारको सूचक पत्र भर्नुपर्नेछ ।

**११) प्रमाण-पत्र उपलब्ध गराउने :**

छनौट भएको कार्य सञ्जाल पदाधिकारीहरुलाई अनुसूची २ बमोजिमको प्रमाण-पत्र उपलब्ध गराईनेछ र वडा स्तरीय कृषक सञ्जाललाई प्रमाण-पत्र प्रदान गरिनेछ ।

**१२) गा.पा. कृषि सन्जालका लागि सदस्य पठाउने :**

वडा स्तरिय कृषक सञ्जालको पहिलो बैठकले छनोट भएका पदाधिकारीहरु वा सदस्यहरु मध्ये बाट एक जना गा.पा. स्तरिय कृषक सञ्जालको लागि निर्णय गरि गाउँपालिकाको कृषि सेवा केन्द्रमा सिफारिस गरि पठाउने ।

**१३) वडा कृषक सञ्जालको कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

- वडा स्तरमा रहेका कृषक, कृषक समूह, कृषक सहकारी, नीजि फर्म तथा अन्य सरोकारवाला संग समन्वय गरि वडा स्तरमा समग्र कृषि तथा पशु विकासको योजना तयारी गर्ने ।
- गाउपालिका बाट कृषि तथा पशु संग सम्बन्धित कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।
- वडा वासी कृषकहरुलाई प्राप्त सूचना प्रवाह गर्ने वडा कार्यालयबाट कृषक सञ्जालको व्यक्तिगत वा संस्थातग साधारण सदस्यता प्रमाण-पत्र उपलब्ध गराउन सहयोग गर्ने ।
- साधारण सदस्यको प्रमाण प्रत्र नविकरण गर्ने ।
- कृषि तथा पशु विकास कार्यक्रमको कार्यान्वयनमा अनुगमन, निरिक्षण तथा पृष्ठपोषण प्रदान गर्ने ।
- वडा स्तरको बाली बस्तुको विवरण अध्यावधिक गर्ने ।
- गाउँपालिक स्तरीय कृषक सञ्जाललाई नीतिगत रुपमा सुझाव प्रदान गर्ने ।
- वडा स्तरमा कृषि बजार, संकलन केन्द्र, कस्टम हायारिंग केन्द्र आदि स्थापना, सञ्चालन तथा संरक्षण गर्ने ।
- वडा स्तरमा खाद्य सुरक्षाको विश्लेषण गर्ने ।
- गाउँपालिकाबाट कृषि संग सम्बन्धी कुनै कार्य तोकेमा जिम्मेवारी तथा कार्य सम्पन्न गर्ने ।
- वडाका कृषकहरुको मुख्य मुख्य माग संकलन गरि वडा समिति, कृषि तथा पशु सेवा शाखा मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने
- वडा भित्र कृषि उत्पादन तथा पशुपंछीमा प्राकृतिक प्रकोप, रोग, किरा वा अन्य कुनै कारण उत्पादनमा कुनै समस्या आएमा तुरुन्त गा.पा. स्तरिय कृषि सन्जाल र कृषि तथा पशु सेवा केन्द्रमा जानकारी गराई समधानको उपाय गर्ने गराउने ।
- वडामा कस्तो खालको कृषि तथा पशुपंछीहरु व्यवसायिक रुपमा उत्पादन गर्न सकिन्छ । गाउँपालिका कृषि सन्जाललाई सल्लाह दिने ।
- साधारण सदस्यता वापतको वार्षिक सदस्यता शुल्क संकलन गरि कोषमा जम्मा गर्ने ।

- वडा कृषि सन्जाल कार्यसमितिको बैंक खाता मार्फत कोष सन्चालन गर्ने र कोष लेखा परिक्षण गराउने
- वडा अध्यक्षबाट कोष खर्च कार्यविधि स्वीकृत गराई कोष व्यवस्थापन गर्ने ।
- वडा स्तरमा गाउँपालिका वा कुनै अनुमति प्राप्त संघ सस्थाको अनुरोधमा स्थानिय कृषकहरुको लागि कृषि प्रसार कार्यक्रम सन्चालन गर्ने ।

**१४) गाउँपालिका स्तरीय कृषक सञ्जाल गठन :**

**क.** गाउँपालिका स्तरिय कृषक संजालमा ९ जना सदस्य हुनेछन् । जसमा गाउँपालिका भित्रका नौ वटै वडा स्तरि कृषक संजाल कार्य समितिबाट एक एक जना छनोट भई आउनेछन् ।

संयोजक - १ जना
सह संयोजक - १ जना
सचिव - १ जना
सह सचिव - १ जना
कोषाध्यक्ष - १ जना
सदस्य - २ देखि ४ जना

संरक्षक वा सल्लाहकार समितिमा गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष र कृषि तथा पशु सेवा केन्द्र रहनेछन् ।

**ख.** समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।
**ग.** गाउँपालिका स्तरीय कृषि सञ्जालमा कम्तिमा ३३ प्रतिशत महिला सदस्य नपुगेको अवस्थामा वडा स्तरीय कृषि सञ्जाल मार्फत थप महिला सदस्यहरु मनोनयन गरि पठाउन सक्नेछ ।
**घ.**सञ्जाल गठन तथा क्षमता अभिबृद्धिको लागि गाउँपालिकाको कृषि तथा पशु सेवा शाखाले सहजिकरण गर्नेछ
**ङ**.गाउँपालिका स्तरि कृषक सञ्जाल गठन गर्दा माथि उल्लेखित नौ जना सदस्यहरु मध्ये सर्वसम्मतबाट संयोजक, सहसंयोजक, कोषाध्यक्ष, सचिव, सहसचिव तथा सदस्यहरु चयन हुनेछन् । यदि सर्वसम्मतबाट नभएमा उल्लेखित नौ जना सदस्यहरु मध्येबाट बहुमतिय प्रणालीबाट गा.पा. कृषि सन्जाल गठन हुनेछ ।

**१५) गाउँपालिका स्तरीय कृषक सञ्जाल कार्य समितिको काम, कर्तव्य र अधिकार :**

- गाउँपालिकालाई कृषि क्षेत्रको विकासको लागी नीतिगत रुपमा सुझाव दिने ।
- गाउँपालिकाको नीति तथा कार्यक्रमको तर्जुमा गर्दा सहकार्य गर्ने ।
- वडा स्तरीय कृषक सञ्जालबाट संकलन भएका मागहरुको विश्लेषण गरि महत्वपूर्ण कार्यको प्राथमिकता तोकि गाउँपालिकामा आवश्यक पहलको लागि सिफारीस गर्ने ।
- गाउँपालिकाको कृषि कार्यक्रम छनौटमा सहयोग गर्ने वा सिफारीस गर्ने ।
- गाउँपालिकाबाट कृषिसंग सम्बन्धित कार्यहरु तोकेमा जिम्मेबारी साथ कार्य सम्पन्न गर्ने ।
- गाउँपालिकाबाट संचालित कृषि कार्यक्रमको अनुगमन गरी/गराई भुक्तानीको लागि कार्यालयमा सिफारीस गर्ने ।
- गाउँपालिका भित्र कृषि विकास तथा प्रबर्धनको लागि आवश्यक पर्ने कार्यक्रमको लागि सम्बन्धित निकायहरुसंग समन्वय गर्ने ।
- वडा स्तरबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा गाउँको खाद्य सुरक्षा अवस्था विश्लेषण गर्ने ।

**१६) वडा स्तरीय कृषक सञ्जाल बैटक :**

समिति गठन पश्चात मासिक रुपमा बस्नेछ साथै वडा स्तरीय कृषक सञ्जालका संयोजकको अनुरोधमा आवश्यक अनुसार बैठक बस्न सक्नेछ ।

**१७) गाउँपालिका स्तरीय कृषक सञ्जाल बैठक :**

गाउँपालिका स्तरीय कृषक सञ्जालको बैठक वर्षमा कम्तिमा तीन पटक बस्नेछ । आवश्यकता अनुसार गाउँपालिका स्तरीय कृषक सञ्जालको आवहानमा बस्न सक्नेछ ।

**१८) सञ्जाल कार्यसमिति दर्ता :**

- सञ्जालको विधान तयार गरी वडा स्तरी कृषक सञ्जाल गाउँपालिका कृषि शाखामा दर्ता गर्ने र प्रमाण-पत्र उपलब्ध गराउनुको साथै सोको जानकारी सम्बन्धि वडा कार्यालयमा दिनुपर्नेछ ।
- गा.पा. स्तरिय कृषि सन्जाल दर्ता गाउँपालिकाको कार्यालयमा गरिनेछ ।

**१९) सञ्जालको कार्य समितिको अवधि :**

वडा र गाउँपालिका स्तरीय कृषक सञ्जाल कार्य समितिको अवधि २ वर्षको हुनेछ । २ वर्ष प्रश्चात नयाँ कार्य समिति गठन गरिनेछ ।

**२०) नियमित कृषि कार्यक्रममा बाधा नहुने :**

गाउँपालिकाबाट सन्चालित नियमित कृषि तथा पशु कार्यक्रम सन्चालनमा कृषक सञ्जाल कारणले मात्र कार्यक्रम संचालनमा बाधा हुने छैन ।

**२१) कार्यविधि संसोधन :**

आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट कार्य विधि संसोधन गर्न सकिनेछ ।

**२२) मान्य हुनेछ :**

यो कार्य विधि स्वीकृत हुनु पूर्व भूमे गाउँपालिकाका विभिन्न वडाहरुमा गठन भइ सकेका वडा स्तरिय कृषक सञ्जालहरु इसै कार्य विधि अनुसार गठन भएको मानिने छ ।

**२३) आर्थिक पक्ष :**

गाउँपालिका मार्फत वडा स्तरीय तथा गाउँपालिका स्तरीय कृषक सञ्जाल बैठक तयारी तथा सञ्चालन गर्दा देहाय बमोजिमका कृयाकलापमा देहाय बमोजिमको खर्च गर्न सकिनेछ तर आवश्यकता अनुसार अधिकतम खर्च गर्न सकिने रकम नवढ्ने गरी जुनसुकै शिर्षकमा उक्त रकम खर्च गर्न सकिनेछ ।

| क्र.स. | क्रियाकलापको विवरण | अधिकतम खर्च | कैफियत |
|---|---|---|---|
| १ | तयारी खर्च | ३०००/- | |
| २ | बैठक संचालन तथा स्टेशनरी खर्च | १००००/- | |
| ३ | अनुगमन खर्च | ५०००/- | |
| ४ | भैपरी खर्च | २०००/- | |
| | जम्मा | २००००/- | |

अनुसूची तथा प्रमाण-पत्र छपाई कार्यको लागि गाउँपालिका कृषि/पशु सेवा केन्द्रले आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

## अनुसूची -१
## साधारण सदस्यतको निवेदन नमूना

मितिः / /

श्री संयोजक ज्यू
वडा स्तरीय कृषक सञ्जाल
............नं.वडा कार्यालय.........
भूमे गउँपालिका, खाबांगबगर, रुकुम पूर्व

विषयः कृषक सञ्जालको साधारण सदस्यता पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा म/हामी कृषक सञ्जाल (संचालन तथा व्यवस्थापन कार्यविधि) २०८० अनुसार सञ्जालको साधारण सदस्यको रुपमा रही कृषि कार्य गर्न इच्छुक रहेकोले तपशिल विवरण खुलाई निवेदन दिएको छु/छौ ।

तपशिल,
१. साधारण सदस्यको प्रकार(चिनो लगाउनु होस)
क) व्यक्ति साधारण सदस्य ख) संस्था साधारण सदस्य
२. उपलब्ध गराईइएको दस्तुर रु............(वडा स्तरीय कार्य सञ्जालमा बाझाउने)
३.व्यक्ति साधारण सदस्यले उल्लेख गर्ने :
जम्मा परिवार संख्या..................महिला.......पुरुष...........शैक्षिक योग्यता.........
१८ वर्ष भन्दा मुनीको................१८ वर्ष भन्दा माथिको..........घर मुलीको मुख्य पेशा ..........
४.परिवारको नाममा रहेको जमिन

| क.स. | खेत | क्षेत्रफल | भाडामा लिएको जग्गा | जम्मा जग्गा | सिंचित जग्गा | असिंचित जग्गा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

५. साल भरी गदै आएको मुख्य व्यवसाय : -कृषि, पशुपालन, कृषि बजारीकरण, व्यवसाय, सेवा प्रदायक, कृषि सामाग्री उत्पादक, प्लाष्टिक घर विवरण समेत )

| सि.न. | व्यवसायको नाम | हालको अवस्था, क्षेत्रफल, संख्या,साइज खुलाउने | वार्षिक लगानी रु. | वर्षिक आम्दानी रु. | सहयोगी संस्था |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

६. संस्थागत साधारण सदस्यले भर्ने :
सस्थामा आवद्ध घरपरिवार परिवार सख्या .......... महिला ......... पुरुष .........
निवेदकको नाम :
ठेगाना :
टोल :
सर्म्पक न. :

## अनुसूची -२
**(साधारण सदस्यलाई उपलब्ध गराउने प्रमाण-पत्रको ढाँचा)**

भूमे गउँपालिका

कृषि सेवा केन्द्र

कृषक सञ्जालको साधारण सदस्यताको

प्रमाण-पत्र

दर्ता नं.

“भूमे गाउँपालिका कृषक सञ्जाल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०” अनुसार तपाई श्री…………………लाई ……….नं वडाको व्यक्ति/संस्था सदस्यताको यो प्रमाण-पत्र उपलब्ध्र गराईएको छ ।

मिति :२०८०/ /

……………………

संयोजक

वडा स्तरीय कृषक सञ्जाल

(नोट.यो प्रमाण-पत्र प्रत्येक २ वर्षमा नविकरण गर्नुपर्नेछ ।)

नविकरण

| नविकरण मिति | म्याद पुग्ने मिति | रसिद नं. र नविरण शुल्क | नविरण गर्ने अधिकारीको नाम र पद | हस्ताक्षर | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची -३
**वडा/गाउँ कार्य सञ्जालमा रहेर सहयोग पुऱ्याउने चाहने सञ्जाल सदस्यले भर्नुपर्ने सूचक पत्र**

नामः

उमेरः

ठेगानाः

संस्थागत सदस्य भए संस्थको नामः

संस्थाको ठेगानाः

त्लका विवरणमा उल्लेख गनु होस ।

१. कृषि सञ्जालको व्यक्तिगत साधारण सदस्यता : छ छैन

२. संस्थागत सदस्यताको लागि संस्थको मंजुरी पत्र : छ छैन

३. पारिश्रमिक नहुने यस कार्यसमितिमा निःस्वार्थ स्वयसेवी भावनाले कार्य सञ्जालमा बसी सेवा गर्न मन :
छ छैे
४. हाल खेती गर्दै आएको

| | |
|---|---|
| | ➢ कुल जमिन :<br>➢ कृषि उत्पादन :<br>➢ पशु वा पंक्षी पालन :<br>➢ बार्षिक लगानी रु :<br>➢ कुल आम्दानी<br>➢ |

५.वडा भित्र रहेका कृषि खेती योग्य जमिन र पशुपंक्षी पालनको बारेमा कतिको जानकारी हुनुहुन्छ ?
क) राम्ररी थाहा छ। ख) अलि अलि थाहा छ। ग) जानकारी छैन।
६. तपाईले गाउँपालिका भित्र रहेका कुनै सार्वजनिक निकायलाई तिर्नुपर्ने दस्तुर बाँकी छ वा छैन ?
(घर, जग्गा, कर, मालपोत, विद्युत, खानेपानी, टेलिफोन आदी)

**अनुसूची -४**

**वडा स्तरिय कृषक सञ्जाल कार्य समितिको लागि नमुना प्रमाण-पत्र**

भूमे गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कृषि सेवा केन्द्र

वडा कृषक सञ्जाल दर्ता प्रमाण-पत्र

दर्ता न. मिति :

यस भूमे गाउँपालिका अन्तर्गत " कृषक सञ्जाल (संचालन तथा व्यवस्थापन कार्यविधि) २०८०" अनुसार वडा न. ............ को .......... पदाधिकारीहरु रहेको वडा स्तरिय कृषक सञ्जाल कार्य समितिमा आ.व. ......... देखि आ.व. ....................सम्म (२ वर्ष कार्यकालको लागि) कार्य विधिमा उल्लेख भए अनुसार कार्य समिति सन्चालन गर्नुहुन यो प्रमाण-पत्र उपलब्ध गराएको छ।

..................... ...........................

शाखा प्रमुख प्रमुख प्रशासकिय अधिकृत

**अनुसूची -५**

**गाउँपालिका स्तरिय कृषक सञ्जालको लागि नमुना प्रमाण-पत्र**

भूमे गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कृषि सेवा केन्द्र

कृषक सञ्जाल दर्ता प्रमाण-पत्र

दर्ता न. मिति :

यस भूमे गाउँपालिका अन्तर्गत " कृषक सञ्जाल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०" अनुसार............ सदस्यीय पदाधिकारी रहेको गाउँपालिका स्तरिय कृषि सन्जाल कार्य समितिमा आ.व. ......... देखि आ.व. ....................सम्म (२ वर्ष कार्यकालको लागि) कार्य विधि अनुसार कार्य समिति सन्चालन गर्नुहुन यो प्रमाण-पत्र उपलब्ध गराएको छ ।

..................... ...........................

शाखा प्रमुख प्रमुख प्रशासकिय अधिकृत